बैठक नं ६ - आ.व.२०६९।०७०

आज मिति २०६९।०९।०२ गतेका दिन बुटवल नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री खिम बहादुर रायमाझीको अध्यक्षता र देहायका आमन्त्रित वरिष्ठ अधिकृतहरु एवं अधिकृतहरुको उपस्थितिमा बुटवल नगरपालिकाको बोर्ड बैठक बसियो।

समय : दिउसो ४.१५ बजे
स्थान : बु.न.पा.भवन

| सि.नं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख एवं कार्यकारी अधिकृत | श्री खिम बहादुर रायमाझी | |
| | आमन्त्रितहरु | | |
| १ | वरिष्ठ अधिकृत | श्री बिष्णु प्रसाद खनाल | |
| २ | " " | श्री शिव नारायण शाह | |
| ३ | " " | श्री भुवा प्रसाद लुईटेल | |
| ४ | सिभिल ईन्जिनियर | श्री गौतम रौनियार | |
| ५ | आ.ले.प.अधिकृत | श्री लेखनाथ पोखरेल | |
| ६ | शाखा अधिकृत | श्री कृष्ण प्रसाद ज्ञवाली | |
| ७ | " " | श्री राम प्रसाद अर्याल | |
| ८ | " " | श्री बिजय देव भुर्तेल | |
| ९ | " " | श्री डोलराज पौडेल | |
| १० | " " | श्री दामोदर ज्ञवाली | |
| ११ | " " | श्री दिल बहादुर श्रेष्ठ | |
| १२ | " " | श्री हरि प्रसाद आचार्य | |
| १३ | " " | श्री बद्रि प्रसाद पौडेल | |

निर्णय नं. १

चालु आ.व. ०६९/०७० को स्वीकृत कार्यक्रम अनुसारका निम्न-आयोजनाहरु जगेडा कोष संचालन निर्देशिका कार्यविधि अनुसार कार्यान्वयन गर्ने प्रयोजनका लागि प्राविधिकबाट तयार भै-आएको निम्नानुसारको ल.ई. स्वीकृत गरी उक्त आयोजनाहरु-स्वीकृतिका लागि नेपाल सरकार, संघीय मामिला तथा स्थानी विकास मन्त्रालय जगेडा कोषमा अनुरोध गर्ने निर्णय गरियो।

| क्र.सं. | आयोजनाको नाम र ठेगाना | | ल.ई. भ्याट सहित र कन्टिन्जेन्सी तथा मरमत सम्भार समेत। |
|---|---|---|---|
| १, | सडक कालोपत्रे पुन: निर्माण तथा मरमत कार्यक्रम | वाणिज्य क्याम्पस रोड बु.न.पा.-१३ | रु. १,२०,४९,५६१/- |
| २, | सडक कालोपत्रे पुन: निर्माण तथा मरमत कार्यक्रम | अमरपथ बु.न.पा. २, ६, ७, ८ | रु. ६९,४६,६९३/- |

क्रमशः

निर्णय नं. २

आगामी आ.व. ०७०/०७१ को वार्षिक बजेट नीति तथा कार्यक्रम पारित गर्नका लागि मिति २०६९/१२/२६ गते विहान ११.०० बजे बुटवल नगरपालिका कार्यालय भवनमा नगरपरिषद बैठक बस्ने निर्णय गरियो।

निर्णय नं. ३

बु. न. पा. कार्यालयको चालु आ.व. ०६९/०७० का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत वडा नं. ११ को अधुरा वडा कार्यालय भवन सम्पन्न गर्नका लागि रु. १०,००,०००/- (दश लाख मात्र) बजेट विनियोजन भएकोमा उक्त भवनको निर्माण सम्पन्न गर्नका लागि प्राविधिकबाट ल.ई. गराउँदा रु. १३,६५,८३४/६६ (तेह्र लाख पैंसठ्ठी हजार आठ सय चौंतीस रुपैया छैसठ्ठी पैसा मात्र) भ्याट र कन्टिन्जेन्सी सहितको स्टीमेट पेश हुन आएकोले नपुग हुन आउने बजेट रकम रु. ३,६५,८३४/६६ (तिन लाख पैंसठ्ठी हजार आठ सय चौंतीस रुपैया छैसठ्ठी पैसा मात्र) आकस्मिक तथा भैपरि आउने शीर्षकबाट उपलब्ध गराउने गरी पेश भएको ल.ई. स्वीकृत गरी कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. ४

बु. न. पा. वडा नं. १५ स्थित निउरेटोलमा गत वर्ष जनसहभागिता मा कल्भर्टको वाल निर्माण भै स्ल्याव निर्माण गर्न चालु आ.व. ०६९/०७० मा रु. १,००,०००/- (एक लाख मात्र) बजेट व्यवस्था भएकोमा उक्त कल्भर्टको स्ल्याव ढलान गर्न प्राविधिकबाट लागत स्टीमेट गराउँदा रु. १,५४,७४०/३४ (एक लाख चौवन्न हजार सात सय चालीस रुपैया चौंतीस पैसा मात्र) को ल.ई. पेश भएकोले उक्त कल्भर्ट स्ल्याव निर्माण गर्न रु. २४,७४०/३४ (चौवीस हजार सात सय चालीस रुपैया चौंतीस पैसा मात्र) उपभोक्ता समितिले व्यहोर्ने गरी स्वीकृत रकममा रु. ३०,०००/- (तीस हजार मात्र) आकस्मिक भैपरि आउने खर्च शीर्षकबाट थप गरी उपभोक्ता समिति मार्फत कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. ५

बु. न. पा. वडा नं. ८ स्थित मासुपसल संचालन भएको स्थानमा सेफ्टी ट्यांकी तथा शौचालय निर्माण गर्न आवश्यक भएको हुँदा उक्त कार्यका लागि प्राविधिकबाट रु. १२,३०,५१७/५० (बाह्र लाख तिस हजार पाँच सय सत्र रुपैया पचास पैसा मात्र) को ल.ई. पेश भएको हुँदा आकस्मिक भैपरि आउने खर्च शीर्षकबाट सो बजेट व्यवस्था गरी सेफ्टी ट्यांकी तथा शौचालय निर्माण सम्बन्धी आवश्यक प्रक्रिया अविलम्ब अगाडि बढाउने निर्णय गरियो।

क्रमशः

निर्णय नं. ६

श्री ज्ञानोदय मा.वि. (दिवा) बुटवल-६ को च.नं. १०६/०६९/०६ मिति २०६९/५/१८ को प्राप्त पत्र बैठकमा पेश भै छलफल हुँदा उक्त विद्यालयको निर्माणाधिन कक्षा कोठाको कार्य सम्पन्न गर्ने प्रयोजनका लागि आकस्मिक तथा भैपरी आउने खर्च शीर्षक बाट रु. १,५०,०००/- (एक लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ७

बु.न.पा. वडा नं. ७ डाँफे गल्ली स्थित प्रस्तावित वडा कार्यालय भवन निर्माण स्थल परिसरमा रिटेनिङ तथा वाउण्ड्रीवाल निर्माणका लागि यन्त्र निर्माण सेवा बुटवल-६ लाई कार्यादेश दिएको मिति २०६६/९/३० सम्ममा कार्य सम्पन्न गर्नु पर्नेमा साइडमा जग्गा र बाटो सम्बन्धी विवाद भएका कारण उक्त वाउण्ड्रीवाल सम्बन्धी कार्य सम्पन्न हुन नसकेको भनि प्राविधिकबाट राय प्राप्त भएको र उक्त रिटेनिङ वाल तथा वाउण्ड्रीवाल निर्माण सम्बन्धी कार्य हाल सम्पन्न समेत भएको हुँदा मिति २०६९/८/१६ सम्मको म्याद थप गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. ८

बुटवलनगरपालिका राजश्व परामर्श समितिका सदस्य रुपकिशोर लाकौलको करदाता मध्येबाट मनोनित पदावधि समाप्त भएको हुँदा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम ११८ 'क' को उपनियम (२) बमोजिम निजको पदावधि पुनः २ दुई वर्ष थप गर्ने निर्णय गरियो।

निर्णय नं. ९

यस बुटवलनगरपालिका कार्यालयबाट संचालन एवं कार्यान्वयन भै सम्पन्न भएका आयोजनाहरु विभिन्न मितिको सदर टिप्पणी बमोजिम जाँचपास तथा फरफारक गरी कार्यालयबाट भुक्तानी समेत भएको हुँदा अनुमोदनका लागि आगामी नगरपरिषद बैठकमा पेश गर्ने गरी निम्न आयोजनाहरुको जाँचपास तथा फरफारक गर्ने निर्णय गरियो।

निम्न

क्रमशः

| क.स. | योजनाको नाम | वडा नं. | फर्म/उपभोक्ता समितिको नाम | लागत ईस्टिमेट | स्वीकृत रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | सडक पि.सि.सि (गुलाफनाथ टोल देखि समाज सुधार सम्म) | ४ | पूर्व कालिकापथ सडक निर्माण | २४१२३७०९ | १७५००००० | १७४९९९०० |
| २ | ह्युम पाईप आपूर्ति कार्य बु.न.पा.का विभिन्न स्थान | | अरनिको एण्ड भिम कन्स्टक्सन सेवा बुटवल १० | १४९२३९१० | १४८८२१०० | १४८८२१०० |
| ३ | कम्पाउण्ड वाल निर्माण कार्यालय परिसर | ६ | स्याङजा आलमदेवी निर्माण सेवा बुटवल | १४६६८६८६ | १४६५७०१३ | १४४७३९५५ |
| ४ | रिटेनिङ/कम्पाउण्ड वाल निर्माण नाग मन्दिर | ९ | भाँकीको एवं नागको संरक्षण समिति | १९७५२०८३ | १५०००००० | १४३४४८७७ |
| ५ | ग्राभेल तथा नाली निर्माण बुद्धपथ | ९ | बुद्धपथ पिच उपभोक्ता समिति | ४३३४१९४७ | १५०००००० | १४८६९२४६ |
| ६ | स्याविन भर्ने कार्य फोहरमैला व्यवस्थापन अस्थायी ल्याण्ड फिल्ड साईट पवित्रनगर | १३ | पवित्रनगर निर्माण तथा तटबन्धन उपभोक्ता समिति | ३१६३८४६६ | २८४७४६०० | २८४७४६०० |
| ७ | नाली निर्माण अन्नपूर्ण पथ | १० | अन्नपूर्णपथ उपभोक्ता समिति | २०२२५७९५ | १०००००००० | १०००००००० |
| ८ | बिरामी कुरुवा भवन निर्माण आम्दा अस्पताल | ९ | बिरामी कुरुवा भवन निर्माण उपभोक्ता समिति | १२२४५४९५५ | १००००००००० | १००००००००० |
| ९ | ग्राभेल कार्य विभिन्न स्थान | | मोहन निर्माण सेवा | १४४७२६३२ | १४५५४९६० | १३७१३६८० |
| १० | खानेपानी बोरिङ निर्माण बुटवल १-४ बटौली वडा कार्यालय परिसर | १ | बटौली खानेपानी उपभोक्ता समिति बुटवल १-४ | ९९९४०१२५ | ६९९५८०८७ | ५४८७४६८२ |

निर्णय नं. १०

चालु आ.व. ०६९/०७० मंसिर मसान्त सम्ममा विभिन्न शीर्षकहरुमा ६,४९,८३,६८८/२८ आम्दानी र सोहि अवधिमा उपभोग खर्च, सेवा खर्च, फिर्ता सम्पुरक कोष, पूर्वाधार विकास, प्रवर्धनात्मक कार्यक्रम, लक्षित समूह कार्यक्रम र गत आ.व. को भुक्तानी गर्नुपर्ने रकममा रु. ६,३४,९०,४२२/९२ खर्च भएको व्यहोरा आजको बैठकमा जानकारी गरायो।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो।